# साहस र संघर्ष : हिंसामा यौनकर्मीको जीवनको प्रतिविम्ब

घट्ना अध्ययन

आस्था
FAITH

# साहस र संघर्ष : हिंसामा यौनकर्मीको जीवनको प्रतिविम्ब

## घट्ना अध्ययन

प्रकाशन :
फेथ (आस्था)
कुपण्डोल, ललितपुर

सर्वाधिकार प्रथम संस्करण :
२०८१ मंसिर

# विषयसुची


| | |
|---|---|
| मैले न्याय पाइँन | ५ |
| बिना गल्ती प्रहरी थानामा रात काटेँ | ६ |
| प्रहरी नै ग्राहक | ७ |
| म नागरिकताविहिन अनागरिक | ८ |
| शरीरको घाउ निको भयो तर मनको घाउ? | ९ |
| प्रहरीको कारण गोपनीयता भंग भयो | १० |
| म प्रहरीकहाँ कसरी उजुरी गर्न जाउँ? | ११ |
| यौनकर्मी भएकैले एकल महिला भत्ता रोकियो | १२ |
| प्रहरीबाट हुने घाउचोटको क्षतिपूर्ति चाहियो | १३ |
| प्रहरी नै साहु | १४ |
| म सँधै यौनकर्मी त होईन नि | १५ |
| वडा अध्यक्षबाट नै हिंसा | १६ |
| म मानसिक बिरामी भएँ | १७ |
| विदेशमा गए शान्ति र सुरक्षा पाईएला की? | १८ |
| अझै कति सहने? | १९ |
| केस नै फिर्ता लिनुपर्‍यो | २० |
| मैले किन यस्तो अपमान र बेइज्जती सहनु पर्ने? | २१ |
| मेरो स्वतन्त्र बाच्ने अधिकार खोई? | २२ |

# विशेष आभार

यस घट्ना अध्ययनमा देशका विभिन्न क्षेत्रबाट सहभागी हुने यौनकर्मी महिलाहरूले आफू माथी भईरहेको हिंसा जस्तो संवेदनशील विषयमा हामीलाई विश्वासका साथ अवगत गराउनु भएकोमा यस संस्थाको तर्फबाट विशेष आभार ब्यक्त गर्न चाहन्छु । तपाईहरूको सक्रिय सहभागिताले मात्रै यो घट्ना अध्ययन संकलन कार्य पूरा हुन सफल भएको छ ।

यसका साथै घट्ना अध्ययन संकलनमा सहयोग गर्नुहुने बिभिन्न संघसंस्थाहरूलाई पनि आभार ब्यक्त गर्न चाहन्छु । हामी सम्बन्धित सरोकारवालाहरू समक्ष यो विषयलाई पुऱ्याउन सक्दो प्रयास गर्नेछौं ।

अन्त्यमा यस घट्ना अध्ययनलाई प्रिन्ट गर्न आर्थिक सहयोगको लागि कियोस फाउण्डेसनलाई पनि धन्यवाद ।

नोटः यस घट्ना अध्ययनमा सहभागीहरूको गोपनियता र सुरक्षाको हकलाई मध्यनजर गरी नाम, ठेगाना र आवश्यकता अनुसार घट्नास्थल खुलाईएको छैन ।

**रिना लामा**
**कार्यकारी निर्देशक**

# मैले न्याय पाइँन

श्रीमानले सधैं रक्सी खाने, बिना कारण झगडा गर्ने र कुट्ने भएकाले घरमा सधैं डर लागिरहन्थ्यो । डर र पिटाई सहन नसकेर श्रीमानबाट अलगै बस्न थाले । घर छोडेपछि विकल्प नदेखी यौन पेशा अपनाएँ ।

२०८१ कार्तिक ७ गते एकजना ग्राहकले एक हजार रूपैयाँ दिन्छु भनी मलाई कोटेश्वरको एउटा पुरानो घरमा लग्यो । भोलीपल्ट फेरि त्यही मान्छे आयो र जाउँ भन्यो । पहिलो दिन जस्तै ठीकै होला भनी म उसंग त्यही ठाउँमा गएँ । काम सकेपछि उसले मलाई उसको वीर्य खाऊ भन्यो, मैले नाई भनैं तर उसले कर गरिरह्यो । एक्कासी सन्चो भिक्स जस्तो बस्ना आयो र त्यसपछि के भयो मलाई याद छैन । होश खुल्दा म वीर अस्पतालको बेडमा थिएँ । घट्ना पछि मलाई लाग्छ त्यहाँ वरपरका मान्छेहरूले प्रहरी र एम्बुलेन्सलाई बोलाएको होला । मेरो मोबाईल र मसंग भएको दुईहजार रूपैयाँ पनि थिएन ।

वीर अस्पतालमा होश खुल्दा मेरो पछाडी पट्टी टाउकोदेखि घाँटीसम्म चक्कुले काटेकोले २५ वटा टाँका लगाएको रहेछ । मेरो मुख नै बाङ्गो भई बोल्नै गाह्रो थियो र आँखामा पनि समस्या आयो । उपचारपछि अलि कम भयो, तर पूरा निको भएको छैन । मेरो दाइ अस्पतालमा हुँदा भेट्न आउनुभयो प्रहरीले मेरो कामबारे सबै बताइदिएपछि उहाँले मलाई त्यहीँ गाली गर्नुभयो । अस्पतालबाट सीधै माईती त गए तर ४/५ दिन भन्दा बढि बस्न दिएनन् र आफ्नै कोठामा फर्किएँ ।

यस्तो काममा हिँडेछस् भनेर घट्नाको जाहेरी दिन माईतीबाट कोही आएनन् । कानुनी प्रक्रियाको लागि एक्लै कोटेश्वर प्रहरीका गएँ । २/४ दिन पछि उपत्यका प्रहरी रानीपोखरीमा जाउ भन्यो र त्यहाँ पनि गएँ । घरको मान्छे नभई मुद्धा दर्ता हुन सकेन भन्यो । सहयोगको लागि संस्था गएपछि, नयाँ बानेश्वर प्रहरी वृत्तमा पुगेँ । वृत्तका अनुसार मुद्धा हाल्न मान्छे चिन्नुपर्ने हुन्छ, त्यसैले त्यहाँ पनि मुद्धा दर्ता भएन । त्यहाँबाट घट्ना घटेको ठाउँ कोटेश्वरमै जानु, त्यहाँ सि.सि.टी.भि फुटेज हुनसक्छ भनेकोले हामी फेरि कोटेश्वर प्रहरी चौकीमा गयौं ।

प्रहरीले मोबाईल चोरीको भएको दिन र अघिल्लो दिनको (२०८१ कात्तिक ७/८) कल डिटेल आए पछि मात्र मुद्धा अघि बढ्ने बताए । शंकामा एक व्यक्ति थुनामा राखे पनि घटनासँग सम्बन्ध नभएको पुष्टि भएपछि छोडियो । तर अहिले सम्म कुनै निष्कर्ष आएको छैन । मेरो टाउकोमा २५ टाँका लागेको छ, मुख बाङ्गो छ, र आँखामा समस्या छ । न्याय खोज्न कहाँ जाउँ, केही थाहा छैन । म एकदमै अलमलमा छु ।

हरेक व्यक्तिलाई हिंसा, शोषण, र भेदभावबाट मुक्त सुरक्षित कार्य वातावरणमा काम गर्ने अधिकार हुनुपर्छ ।

# बिना गल्ती प्रहरी थानामा रात काटें

मैले होटलमा वेटरदेखि घरेलु काम, डान्स रेष्टुरॉं र गार्मेन्ट्सम्म काम गर्थे । यति कमाईबाट छोराको पढाई र म आफै पालिन पनि गाह्रो हुदै गयो । अन्तत मैले यौनपेशा गर्न थाले र अहिले १४ बर्ष भईसकेको छ ।

सन् २०२० तिर नक्सालको बाटो हुँदै म र मेरो साथी हिडिरहेका थियौँ । एक्कासी प्रहरीहरू आई हामी दुईजनालाई समातेर कमलपोखरीमा अनुसन्धानको लागि भनेर लगे र एक रात थुने । प्रहरीले शंकाको आधारमा मेरो फेसबूक आइडी मागे, पासवर्ड थाहा छैन भने । तर, तिमीहरू किन समूहमा हिंडेको भनेर धेरै प्रश्न गरे । प्रहरीले दुई कल फोन गर्न दियो र मैले एक कल घरमा र अर्को संस्थामा गरे, त्यसपछि मोबाईल खोसेर स्वीच अफ गरी प्रहरीले फोन राख्यो । एउटा कागजमा हस्ताक्षर गर छोडिदिन्छु भन्यो, डरको कारणले हामीले पढ्दै नपढी हस्ताक्षर गऱ्यौ तरपनि हामीलाई छोडेन ।

त्यही राति अर्को एकजना केटीलाई यौन पेशा गरेको भन्दै प्रहरीले उसलाई पिलरमा टाउको ठोक्काउने र लातीले हान्ने जस्ता यातना गरेको हामीले देख्यौँ । त्यतिबेला त्यो केटी एकदमै रोएकी थिइन् र उसलाई राती घिसार्दै लगेको थियो । त्यसपछि वातावरण शून्य भयो । त्यतिबेला मलाई नै पिट्ला भन्ने डरले केही बोल्ने आँट आएन र हेरि मात्रै रहेँ । भोलीपल्ट बिहान राष्ट्रिय मानव अधिकार आयोग र संस्थाका मानिसहरू थानामा आए ।

समाते पछि वीर अस्पतालमा मेडिकल परिक्षण गर्न भनेर रगत निकाल्यो । के को परिक्षण भयो थाहा छैन । मेडिकल परिक्षण गरेको ५० रूपैयाँ र मैले खाएको खाना खाजाको पैसा पनि प्रहरीले मलाई नै तिरायो । तर, रगतमा केही नभेटपछि बाटोमा हिंडिरहेको मात्र हो भनेर राष्ट्रिय मानव अधिकार आयोग र संस्थाका रोहबरमा हामीलाई छोडीदिए ।

तर यसरी बाटोमा हिडिरहँदा पनि विना गल्ती एकरात प्रहरी थानामा कोचिनु पऱ्यो ।

## प्रहरी नै ग्राहक

बिहेपछि केही समयमै घरमा हेला र किचकिच सहन नसकी म ५ वर्षको बच्चासहित श्रीमानबाट अलग बसेँ । मैले माईतीबाट नागरिकता बनाएकी छु, तर विवाह दर्ता नभएकोले मेरो छोराको नागरिकता अझै बन्न सकेको छैन ।

घर छिमेकीसंग झगडा हुँदा उसले म माथी हात उठायो । मैले उजुरी दिँदा प्रहरीले म यौनकर्मी हो भनेर मेरो उजुरी लिन मानेन । उल्टै प्रहरीले 'यिनीहरू यस्तै हो' भनेर म आवद्ध संस्थालाई समेत के के गाली गऱ्यो । निकै कराएपछि बल्ल उजुरी दर्ता त भयो, तर म माथी हात उठाउने छिमेकीलाई कुनै कारवाही गरेन ।

एउटा होटलमा ग्राहकसँग बसेकी थिएँ । बिहान पैसा माग्दा उसले आफ्नो आईडी देखाएर 'म प्रहरी हुँ, एक हजार मात्र लिउ, नभए थुनिदिन्छु' भनेर धम्क्याएर मञ्जुर गरेको पाँच हजारको सट्टा एक हजार मात्र दिएर गयो ।

केही समय अघिसम्म पनि सिभिल डेसमा प्रहरीहरू ग्राहक भएर आउँथे र जाने बेला म प्रहरी हुँ भनेर धम्काएर पैसा नदिई जान्थे । चिनेको प्रहरी आए भने पैसा पछि दिन्छु भन्ने वा जाने बेला थोरै मात्र पैसा दिएर जान्थे । भनेको जति पैसा नदिने र सकेसम्म उनीहरूले फ्रीमा नै गर्न खोज्थे । यदि नमाने तेरो फोटो छापी दिन्छु भनी तर्साउने र थुन्न लगाउँथे । म माथि यस्तो घटना पछिल्लो चार महिनामा दुई पटक घटिसकेको छ ।

# म नागरिकताविहिन अनागरिक

म चार बर्षको उमेर छँदा मेरो आमाबुवाले मलाई इंडियाको एक दम्पतीलाई धर्मपुत्रीका रूपमा बेचिदियो । तर, मैले थाहापाएदेखि नै उनीहरूले मलाई घरायसी काममा लगाए र त्यहाँ कामका साथसाथै मेरो यौन शोषण पनि भयो । ९ बर्षको उमेरमा एक इंडियनले तिमीलाई घर पुऱ्याईदिन्छु भनेर किर्तिपुरस्थित आमाबुवाकोमा पुऱ्याईदियो । घर आएको केहीदिन पछि नै आमाबुवाले मलाई फेरि अरूको घरमा काम गर्नलाई छोडिदिए । त्यही क्रममा एकजना केटासंग मेरो भेट भयो र म उसैसंग बस्न थालेँ । केही समयपछि उसैबाट एक छोरी जन्मिइन् । ३ बर्ष जति संगै बसेपछि उसले मलाई छोड्यो । खान लाउन र बच्चालाई खुवाउन म विस्तारै यौन पेशामा होमिँदै गएँ ।

केही बर्षपछि अर्को केटा मेरो जीवनमा आयो । उसले मसंग बिहे गरे नागरिकता बनाइदिन्छु भनेर फकायो र होला भनी म उसंग बस्न थालेँ । उसबाट एउटा छोरा पनि जन्मियो । उसलाई मैले यौनपेशा गर्छ भनी थाहा थियो, तर पनि केही बर्ष उसले मसंग राम्रै व्यवहार गऱ्यो । पछि बिस्तारै उसको व्यवहार फरक हुँदै गयो र सानो सानो कुरामा मलाई गाली गर्ने, पिट्ने गर्नुका साथै हामी बस्ने कोठामा उसले अरू केटाहरू पनि ल्याउन थाल्यो । मलाई उसले ती केटाहरूसंग यौनकार्य गर्न बाध्य बनायो र आएको पैसा उसैले लिन थाल्यो । हाल हाम्रो छोरालाई एउटा संस्थाको सिफारिसमा काठमाडौं महानगरपालिकाले पढ्न छात्रवृत्ति दिइरहेको छ ।

हामीबीच दिनहुँ झैझगडा र कुटपिट भईरहँदा पनि म चुप थिएँ । तर, २०८१ श्रावणमा मरणासन्न हुने गरी पिटेपछि मैले संस्थालाई खबर गरें । संस्थाले सम्झाउँदा ठिक छ भन्यो, तर भोलिपल्टै किन संस्थालाई भनिस् भन्दै फेरि पिट्न थाल्यो । त्यसपछि मैले पहिलो पटक १०० मा फोन गरें । केही समयमै प्रहरी आए, जसमा एक असई थिए, जो मेरो ग्राहक पनि थिए । उनले कहिलेकाहीँ फ्री सेक्स माग्थे र नयाँ केटी खोजिदिन दबाब दिन्थे । प्रहरी आएपछि मैले संस्थालाई पनि खबर गरें, र दिदीबहिनीहरु आइपुगे । असईले मलाई नचिनेझैं गरेर गाली गरे र श्रीमानलाई भगाउन खोजे । त्यहीबेला मेरो साथीले फेरि १०० मा फोन गरेपछि अर्को चौकीबाट प्रहरीहरू आए । त्यसपछि श्रीमान समातिए ।

थानामा २४ घण्टा भन्दा बढी राख्न नपाउने नियम रहेछ त्यसैले मेरो श्रीमानलाई थुन्ने भए म्याद थप गर्न मलाई भोलीपल्ट थानामा बोलाईयो । म पुग्दा मेरो श्रीमानको दाई पनि त्यहीँ आएको रहेछ । मेरो छोरोको जन्मदर्ता बनाइदिने शर्तमा म आफैले प्रहरीलाई मेरो श्रीमानलाई छोडिदिन आग्रह गरेँ । मैले श्रीमानसंगै नबस्ने निर्णय पनि गरेँ ।

मैले नागरिकताको लागि उसको हिंसा सहेरै बसें तर पनि अहिले सम्म मेरो नागरिकता बनेको छैन, बच्चाको जन्मदर्ता बनाउन सकेको छैन । म नागरिकताविहिन अनागरिक भएर बस्नु परेको छ । अब मैले के गर्ने ?

उँहाजस्तै थुप्रै यौनकर्मीहरूले नागरिकता, जन्मदर्ता जस्ता कानुनी कागजातको लागि हिंसा तथा ज्यान नै पनि गुमाउन परेको छ ।

# शरीरको घाउ निको भयो तर मनको घाउ?

म अल्पसंख्यक समुदायकी हुँ । ठमेलमा उभिएको बेला सडक पार गर्दै गर्दा त्यहाँका प्रहरीले मलाई मरणासन्न हुने गरी कुटे । मैले धेरै रोइकराई र गुहार मागेँ, तर कोही अघि आएनन्, सबैले हेरेर मात्र बसे । प्रहरीको निर्मम कुटाइले म हिड्न नसक्ने भएँ, र साथीहरूले अस्पताल लगेर उपचार गराए ।

केही दिनपछि मलाई कुटपिट गर्नेलाई कारवाही होस् भनी संस्थाको सहयोगमा दरबारमार्ग प्रहरी कार्यालयमा उजुरी दिएँ । उजुरी पछि कुटपिट गर्ने प्रहरीले माफी मागे र उपचारमा लागेको ३५०० रूपैया पनि दिए ।

संस्थाले प्रहरीको साथ हामीलाई भोली पनि चाहिन्छ त्यसैले मुद्दा ममिला नगरौँ बरू सहमति गरौँ भनेर सहमति पत्रमा सही गर्न लगायो, तर त्यो पत्र मैले आजसम्म पाएको छैन । कुटपिटको मेरो त्यो बाहिरी घाउ निको भएपनि मनको घाउ र मानसिक पीडा भने कम भएन ।

त्यसैले मैले पूर्ण न्यायका लागि र भविष्यमा यस्तो घटना फेरि नदोहरियोस् भनी राष्ट्रिय मानव अधिकार आयोगमा घटनाको फोटो र प्रमाण सहित उजुरी दिए । उजुरी पश्चात मानव अधिकार आयोगले सो घटनाबारे प्रहरीलाई पत्राचार गर्छु, भनेको छ तर अहिले सम्म केही जवाफ आएको छेन ।

# प्रहरीको कारण गोपनीयता भंग भयो

म होटलमा खाजा र बियर खाँदै गर्दा पछाडि बसेको एकजनाले मलाई बियर माग्यो, मैले दिएँ । मैले त्यतिबेला सिभिल आएको असई हो भनेर चिनिन । बियर खाएर ऊ निस्कियो, र एकछिनपछि प्रहरीको गाडी आयो । मलाई घाँटी समातेर हिंड्न भन्यो, एचआईभी टेस्ट गरायो, तर रिपोर्टमा केही नभेटिएपछि मलाई छोडिदियो ।

२०८० माघ १३ गते मेरो एक साथीलाई प्रहरीले समात्यो । भोलीपल्ट साथीलाई थानाबाट छुटाउन जाँदा, मलाई पनि यौनकर्मीको लिडर भनेर थुने । राति एक बजे डीएसपीले बोलाएर खोजतलाश गर्‍यो, मेरो फोन चेक गर्दै, को को हुन्, भनेर सोध्यो । मेरो मेडिकल चेक गरे र अनुसन्धान पत्र काट्यो । तेस्रो दिन मलाई गोप्य कोठामा लगेर लठ्ठीले पिट्न थाल्यो । मैले पनि लठ्ठी खोसेर उनीलाई नै हानें । चौथो दिन मेरो फोटो खिचेर 'यो यौनकर्मीको लिडर हो र यसले प्रहरीलाई अभद्र व्यवहार गर्‍यो भनेर लोकल पत्रिकामा छापिदियो । म्याद थप गर्दै मलाई १७ दिन थुनामा राखे, र ४५ हजार धरौटी तिराए ।

मेरो फोटो लोकल पत्रिकामा छापिएपछि आमाबुवाले थाहा पाए र अबदेखि माईती नआउनु भने । अहिले मलाई प्रहरीले टाढाबाट देख्नासाथ "ओइ, यहाँ किन बाटोमा बसेको?' यो जिल्ला वरपर कही नबस भन्छन् ।

## म प्रहरीकहाँ कसरी उजुरी गर्न जाउँ?

श्रीमान केही काम नगर्ने, झगडा मात्र गर्ने भएकोले मैले गाउँ छोडी शहरमा बच्चाहरूलाई लिएर आएँ । मैले धेरै कामहरू गरेँ, तर बच्चाहरूको स्याहार सुसार र पढाईका लागि पैसाको सँधै अभाव भई रहने हुँदा बिस्तारै मैले यो पेशा अंगाले । अहिले यही पेशा गरी बच्चाहरूलाई उच्च शिक्षा दिलाउने कोशिस गर्दैछु ।

यही पेशा गर्ने मेरो एकजना साथीको चिया पसल थियो । छिमेकीहरू सबैले तिमीले पसल राख्न पाईदैन भन्थे । २०८० सालको माघ महिनामा एकरात कसले हो पसलमा आगो लगाईदियो । म लगायत महिला संजालका साथीहरू मिलेर कति पटक प्रहरी चौकीमा धायौँ, तर अहिलेसम्म दोषीलाई समातेको छैन । हामीलाई शंका लागेको एकजनाको नाम प्रहरीलाई दियौँ, शंकाको भरमा समात्न मिल्दैन, तथ्य पत्ता लगाएपछि भनुँला भन्छ, तर आजसम्म दोषीलाई कानूनी कारवाही भएको छैन । अहिले त्यो साथी यौन पेशामै लागिरहेको छ । उसैको केसको सिलसिलामा प्रहरी कार्यालयमा गएकोले प्रहरीमा मेरो विवरण रह्न गयो ।

त्यसको केही समय पछि मेरो घर नजिकैको एउटा होटलमा म एकजना आफन्तलाई कुरेर बसिरहेकी थिएँ । त्यतिनै बेला केही प्रहरीहरू होटेलमा आएर 'तँ यहाँ किन, तँलाई यो जिल्लाभित्र कहीं नबस् भनेको होईन, भन्दै होटलका साहुतिर फर्केर, 'यसलाई यहाँ किन आउन दिएको' भनेर सबैको अगाडी गाली गरे । 'म यहाँ किन बस्न नपाउने'भनेर सोधें । प्रहरीले तिमीहरू जस्तो कहि पनि बस्न पाउँदैन भने, अनि मैले यो काम बन्द कोठाभित्र गर्ने त हो नि भनेँ । प्रहरीले नराम्रो काम कोठाभित्र पनि गर्न पाउँदैन भनेपछि मैले आँट गरेर, तपाईसंग गर्दा राम्रो र अर्कोसंग गर्दा नराम्रो भयो भनेँ। त्यस पछि तिनीहरूले मलाई मनपरी गाली गरेर त्यहाँबाट फर्के । भोलीपल्ट दिउँसो त्यही प्रहरीले 'म तिमीलाई माया गर्छु' भनेर फोन गर्‍यो । मैले हाँसीहाँसी जवाफ दिएँ, तपाई पहिले गाली गर्ने पछि फोन गरेर मन पराउँछु भन्ने, मैले यसो भनेपछि उसले फोन राखिदियो ।

मैले म माथि भएको अन्यायका घटनाहरू कहिले पनि प्रहरीमा गएर रिर्पोट गरेको छैन किनकी प्रहरीले हाम्रो कुरा सुन्दै सुन्दैन । हामीलाई चिनेकै भरमा गाली गर्छन् अनि हामीलाई हिंसा भएको बेला म उनीहरूकहाँ नै गएर कसरी रिर्पोट गर्न जाउँ ?

# यौनकर्मी भएकैले एकल महिला भत्ता रोकियो

म एकल महिला हुँ । घरको आर्थिक अवस्था नाजुक भएकोले श्रीमान जीवितै भएको बेलादेखि नै म यौन पेशामा लागेकी हुँ । यौनकर्मी भएकोले छिमेकी र चिनेजानेकाले मलाई सँधै गाली गलौज गर्ने र गाउँमा नबस भन्छन् । मेरो छोराहरूलाई पनि तिम्रो आमा खराब छ भनेर भनि रहन्छन् । यौनकर्मी भएकै कारणले नगरपालिकाले मलाई एकल महिला भत्ता दिन पनि बन्द गऱ्यो । एकल महिला भत्ता मलाई चाहियो, किन नदिएको भनेर पटक पटक सोध्दा "तिम्रो एकजना श्रीमान भएपो एकल महिलाको भत्ता दिनु, दसजनासँग बस्नेलाई भत्ता किन चाहियो ?' भन्छन् र गाउँमा पनि बस्नै नसक्ने वातावरण बनाइदिए ।

महिला सञ्जाल, संस्था, यौनकर्मी दिदीबहिनीहरू समेत मिलेर मलाई गाउँमै बस्न दिनुपर्ने र मैले एकल महिलाको भत्ता पनि पाउनुपर्ने भनि पटक पटक महिना दिनसम्म नगरपालिका धाएपछि बल्ल मेरो पक्षमा सहमत गरे । ६ महिना सम्म रोकिएको एकल महिला भत्ता पनि सबै एकमुष्ट रकम दिने निर्णय गरे । सोहीअनुरूप यही २०८१ श्रावण महिनामा सबै रकम पाए ।

यौनकर्मी भएकै कारण गाउँमा बस्न नदिने, एकल महिलाको भत्ता रोकीदिने, गर्न पाइन्छ र ?

# प्रहरीबाट हुने घाउचोटको क्षतिपूर्ति चाहियो

सानैमा मेरो बुवा आमा बिते । सानो बहिनी र भाईको पढाई खर्च र उनीहरूलाई पाल्ने जिम्मा सबै मेरै हो । आफ्नो परिवार पाल्न गत तीन बर्षदेखि यौन पेशा गरिरहेकी छु ।

२०८१ जेठ महिनामा ग्राहकसंग हुँदा प्रहरीले छापा मा-यो । त्यहाँबाट भाग्न एकतल्लाबाट हामफाल्दा मेरो दाहिनेखुट्टा र कुर्कुच्चासंगैको गेडी भाँचियो । म ट्रमा सेन्टरमा ६ दिन भर्ना भए र अहिले मेरो दाहिने खुट्टामा स्टीलको रड हालेको छ । अस्पतालबाट निस्किएपछि पूरा ६ हप्ता प्लास्टर लगाए । मेरो उपचारमा ढेड लाखभन्दा बढी खर्च भयो । मसंग उपचार गर्ने पैसा नभएकोले त्यसबेला खर्च मेरो साथीभाईले तिरिदिए । मैले त्यो ऋण तिर्न बाँकी छ । म अहिले बैशाखीको भरमा हिँडडुल गर्छु । मैले पहिला जस्तो काम गर्न सकेको छैन, त्यसैले खाने बस्ने पैसा छैन, दुई महिनासम्म नियमित खुट्टाको उपचार गराईराहनु प-यो ।

अव म कहाँ बस्ने र मैले कसरी खानाको जोहो गर्ने ? भाइबहिनीको खर्च कहाँबाट ल्याउने र मेरो उपचारमा लागेको खर्च कसरी तिर्ने? मलाई दिनरात यही पीरले सताइरहेको छ ।

# प्रहरी नै साहु

कथावाचक : एक यौनकर्मी

५/६ महिना अगाडीदेखि काजमा खटिएको एकजना प्रहरीको खाजा घर छ र त्यहाँभित्र यौनकार्य पनि हुन्छ । ऊ आफू पनि सिभिल ड्रेसमा आएर पालै पालो त्यो एरियाको यौनकर्मीसंग बस्छ । उसले अलि बोल्न नसक्ने र डराउने खालकाहरूसंग मात्र बस्छ ।

कहिलेकाहीं ऊ प्रहरीहरूको समूहमा बर्दीमै आएर खाजाघरहरूमा चेकिङ्ग गर्न आउँछ तर आफ्नो खाजाघरमा चेक गर्दैन । ऊ आफूले चाहिँ त्यस्तै काम गर्छ र गराउँछ, तर अरू केटीहरूलाई चिनेको भरमा समाएर थुनामा पठाउँछ ।

प्रहरी बर्दीको नाममा उसले यौनकर्मी महिलालाई तर्साउने र सताउने काम गरिरहेको छ । यसरी प्रहरीबाट नै यस्तो खालको कियाकलाप भईरहँदा यसलाई कसले नियन्त्रण गर्छ ? हामीले कहाँ गएर रिपोर्ट गर्ने, हामी कसरी सुरक्षित हुने ?

# म सँधै यौनकर्मी त होईन नि

मेरो बुवा द्वन्द्धकालमा मारिनु भयो । रोजगारीको लागि एक पटक बिदेशमा पनि गएको छु । मैले बिहे पछि श्रीमानको घर पुग्दा उसले केही काम नगर्ने कुरा थाहा भयो । केही समय पछि म गर्भवती भएँ र पैसा नभएर घरमा दिनहुँ झगडा हुन थाल्यो । खान लाउन पनि धौ-धौ थियो, बच्चाको पालनपोषण गर्न नसक्ने अवस्था भएकोले मैले कयौ पटक गर्भपतन पनि गर्न खोजे तर सकिँन ।

धेरै प्रयासपछि पनि हामी दुवैले कुनै काम पाएनौ । कमाई नभएकोले हामीलाई निकै मुश्किल हुँदै गयो र अन्त्यमा मैले यौन पेशा शुरू गरे। मैले बच्चा जन्माउने दिनसम्म पनि ९ महिनाको गर्भ लिएर यो काम गरेँ । त्यो बेला मैले कसरी यो काम गरेँ होला भनेर म अहिले सम्झेर आफै आत्तिन्छु । सुत्केरी भएको १३ दिनदेखि फेरि यौनपेशा सुरू गरेँ र यही पेशाबाट कमाएर श्रीमानलाई कुवेत पठाएँ । तर बिदेश गएपछि श्रीमान फर्केन र बच्चाको पनि वास्ता गर्दैन । अहिले उ अर्को केटीसँग बस्छ । उसको परिवार पनि मसंग बोल्दैनन् । मेरो सौतनी बुबाले आमालाई कुटने गरेपछि आमा अहिले मसंग बस्नुहुन्छ । मेरो छोरा अहिले चार बर्षको भयो ।

एक पल्ट प्रहरीले मलाई समात्दा तीन घण्टा थुनामा राखेर गालीगलोज गरेर छाडीदियो । एक दिन दिउँसो रोडमा चटपटे खाँदै बसेको बेला मलाई प्रहरीले एक्कासी समातेर थानामा लग्यो । त्यो दिन म बाहेक बाटोमा भेटिएका अरू ८/९ जनालाई पनि समातेको थियो । प्रहरीले भनेजस्तो मानेर चुप लागे छोडिदिन्छ, तर अलि करायो भने महाराजगञ्जमा लगेर अभद्र ब्यवहार गरेको केसमा थुनिदिन्छ भन्ने सुनेको हुनाले म त्यहाँ चुपचाप नै बसिरहेँ । त्यो बेला एकजना चिनेको दिदीले यो घटना देखेको रहेछ र उहाँले मेरो छोरालाई स्कूलबाट फर्केपछि थानामा लिएर आउनुभयो । छोरो धेरै रोएकोले, मलाई छोडीदिनुस् मैले केही गरेको छैन भनेर अनुरोध गरे । उनीहरूले "धेरै बोल्यो भने महाराजगञ्ज चक्रपथमा पठाईदिन्छु' भनी तर्साए र म चुप लागेर बसेँ । मेरो बच्चा धेरै नै रोएकोले मलाई त्यही रात दस बजे तिर छोडिदियो ।

साथीभाईसंग बाटोमा हिँडदा, बच्चालाई स्कूल लिन पुर्‍याउन जाँदा मलाई चिनेको आधारले प्रहरीहरूले गाली गर्ने गर्छ, यो 'एरियामा कतै नहिड' भन्ने गर्छ । यसले गर्दा बाहिर कतै निस्केर हिड्न गर्न पनि गाह्रो छ, 'म सँधै यौनकर्मी त होईन नि' ।

# वडा अध्यक्षबाट नै हिंसा

विवाह भएको दुई बर्षमा श्रीमान मलेशियामा रोजगारीका लागि जानुभयो । श्रीमान बिदेश गए पछि उसको घरपरिवारले मलाई खान, बच्चा पढाउन सहयोग नगरेकोले म केही समय माइतीमा बसें । माईतीमा पनि कति बसुँ भनेर ६ बर्षको छोरा लिएर बाहिर आएर अरू घरमा काम गर्न थाले । आर्थिक अभावले विस्तारै यौन पेशा अपनाए ।

२०८१ श्रावण महिनामा ग्राहकसंग कोठामा थिए, ढोका खोल भनेर बाहिर ढोकामा हिर्कायो । किन ढिला खोलेको भनेर वडा अध्यक्षले मलाई र ग्राहकलाई समात्यो । उसले हाम्रो फोटो खिच्यो, गाली गर्यो र मेरो मोबाईल खोस्यो । उसले मलाई सबैको अगाडि लात्तीले हिर्कायो र ग्राहकलाई गाली गर्यो, तर उसलाई जान दियो। मैले पिटाईको दुखाई भन्दा पनि बेइज्जतीको कारण धेरै रोएँ । त्यसपछि, वडाका अर्को व्यक्तिले मोबाईल लिन आऊ भने पछि साथीसँग वडा कार्यालय गए । उनीहरूले, अबदेखि यो काम नगर, दोश्रोपल्ट देखेँ भने 'के गर्ने भनेर सोधे, र मैले रूँदै 'तपाईंले जे सजायँ दिनुहन्छ दिनुस,' भनेर फर्के ।

मलाई त्यतिबेला लाज, डर, त्रास सबै भएको थियो । मेरो काम नै यही हो, अनि म कहाँ गएर काम गरूँ ? ग्राहकले बोलाएको ठाउँमा जाउँ, त्यहाँ पनि सुरक्षित छैन, अनि म कहाँ जाउँ ?

# म मानसिक बिरामी भएँ

म यौनकर्मीहरूको अधिकारको लागी पछिल्लो १० वर्षदेखि एउटा संस्थामा छु ।

सन् २०२३ डिसेम्बरमा यौनकर्मीहरूको अवस्था बुझ्न बनेपा नगरपालिकाको एक होटेलमा हामी तीनजना साथी खाजा खाँदै कुरा गर्दै थियौं । अचानक प्रहरी आएर हामी तीनजनासँगै साहुनीलाई पनि समातेर, वरपरका मानिसहरूसँग मुचुल्का उठाई थानामा लगे । एक दिन थुनामा राखेपछि हामीलाई धुलिखेलस्थित सेफ होममा लगियो । सेफ होममा हामी तीनजना र एक कर्मचारी मात्रै थियौं । त्यहाँबाट ओसिएमसिमा मेडिकल परिक्षणको लगियो, जहाँ पुरूष डाक्टरले हाम्रो गोप्य अंगहरूको परिक्षण गरे । प्रहरीले हाम्रो नागरिकता जफत गर्यो र आफ्नै ढाँचामा निवेदन लेखेर हस्ताक्षर गरायो, जसमा साहुनीले जबर्जस्ती ग्राहकसँग पठाईयो भन्ने उल्लेख गरिएको थियो । भोलीपल्ट हामीलाई बिहानै छोडे, तर साहुनीलाई भने थुनामा राखियो ।

प्रहरीले समातेको दिनदेखि तीन महिनासम्म बनेपाको अदालतमा पटक पटक तारिखका लागि हामीलाई बोलाइयो । धेरै धाउँदा पछि अन्ततः हामीले साहुनी निर्दोष रहेको र हामी आफैँ गएको निवेदन दिए । निवेदन दिएको ४५ दिनपछि साहुनीलाई छोडेको सुनेँ, तर पक्का थाहा छैन । यो घटनापछि म मानसिक रूपमा पीडत भए ।

# विदेशमा गए शान्ति र सुरक्षा पाईएला की?

१३ बर्षको उमेरमा बिहे भयो र १६ बर्षमा छोरा जन्मियो । श्रीमान केही जिम्मेवारी नलिने भएकोले घरखर्च जुटाउन मैले यो पेशा शुरू गरेँ । श्रीमानलाई साऊदी पठाएँ तर उसले एक रूपैयाँ पनि नलिई घर फर्कीयो त्यस पछि फेरी हाम्रो छोरी जन्मियो ।

एकदिन उसले पैसा माग्दा मसँग थिएन र त्यही रिसमा उसले मलाई खुकुरीले टाउको र हातमा हानेर दुईतल्ला माथीबाट फालीदियो । एक महिना बढि अस्पताल भर्ना भए । मलाई माईतीबाट उपचार गराईदिए । माईतीले श्रीमानलाई गाली गर्दा उनले अबदेखि कुटपिट गर्दिन, रक्सी पनि खाँदिन भने । घर आएको केही समय श्रीमानले मेरो हेरचाह गरे । तर फेरि उही अवस्था दोहोरियो । म ज्यान जोगाउन कहिले दिदीबहिनीको घर त कहिले पुलमुनि लुक्छु । यही बीचमा, मैले बच्चाहरूको हेरचाह गर्दै, उनीहरूको पढाई खर्च जुटाउँदै आइरहेकी छु । तर श्रीमानले पिट्ने, घाँटी निमोठ्ने, र सुतेको बेला ग्याँस खोलेर छोडिने गर्छ ।

म ग्राहकसँग हुँदा प्रहरीले छापा मार्यो । महिला प्रहरीले मलाई कपडा लगाई गाडीमा जान भन्यो । गाडीमा गालामा थप्पड हान्दै गाली गर्‍यो र थानामा ४-५ घण्टा राखे । मलाई संस्थाले छुटायो । सुने अनुसार, ग्राहक पैसा बुझाएर छुटे ।

मलाई श्रीमानको हिंसा, माईतीको हेला, प्रहरीको हिंसाले गर्दा यहाँ बसु जस्तो लाग्दैन । विदेश जाउँ जस्तो लागेर मैले भर्खरै पासपोर्ट बनाएको छु ।

## अझै कति सहने?

मैले प्रहरी महिला सेवा निर्देशनालयमा मेरो श्रीमान विरूद्ध घरेलु हिंसाको रिपोर्ट गरे । प्रहरीले उनलाई बोलाएर थर्काए पनि फेरि उस्तै छ । सुद्रिन्छ कि भनेर सुधार केन्द्रमा पनि राखे । माईती र घरबाट मलाई कुनै सहयोग छैन । दशैंको टीकाको दिन श्रीमानले कुट्न थालेपछि रातको १२ बजे म्याक्सी मात्र लगाएर खाली खुट्टै घरबाट निस्के । मलाई बाटो हिंड्नेहरूले लखेट्दा, एकजना पठाउ चालकलाई सहयोग मागेँ । उसले मलाई साथीको घरमा पुऱ्याईदियो । मलाई सँधै घरमा उसले कतिबेला पिट्छ भन्ने डर लागिरहन्छ । सानो बच्चा लिएर कहाँ जाउँ, कहाँ बसुँ, बच्चाकै लागि भएपनि मैले घरमा रातदिन पिटाई खाएर बस्नुपर्ने मेरो बाध्यता छ ।

लकडाउनको समयमा म मसाज पार्लर सफा गर्दै थिएँ, जहाँ मेरो नौ महिनाको बच्चा पनि साथमा थियो । त्यही बेला प्रहरी आएर "कोरोनाको बेला खोल्ने हो?' भन्दै मलाई सोहखुट्टे प्रहरी चौकीमा लगे । मैले बच्चालाई ल्याइदिन धेरै गुहारेपछि साथीले बच्चा ल्याईदिए । प्रहरीहरूले 'आमा बच्चा दुबैलाई थुनिदिन्छ' भनेर धम्काए पछि मैले बच्चालाई केही भयो भने संस्था बोलाउँछु भनेर रूँदै भनेपछि मात्रै साँझतिर उनीहरूले मलाई छोडीदिए ।

पहिला प्रहरीहरूले जतिबेला पनि छापा मार्ने, समातेर लाने, गाली गर्ने, अपशब्द बोल्ने, फ्रि सेक्स माग्ने र यत्तिकै पनि आएर बाहिरबाट ताल्चा लगाएर जाने गर्थ्यो । आजभोली प्रहरीहरू आउँछन्, हेर्छन् र जान्छन्, केही बोल्दैनन् । उनीहरू आफै पनि कहिलेकाहीँ मसाज गर्छन् ।

## केस नै फिर्ता लिनुपर्‍यो

मसाजमा प्रहरीहरू बेलाबेलामा आएर सोधपुछको लागि भनेर मलाई ५/६ पटक थानामा लग्ने र विस्तृत रूपमा सोधपुछ पछि छोडीदिने गर्दथे । एकजना प्रहरी स्पामा बेलाबेलामा आई एकजना बहिनीलाई फकाईरहन्थ्यो । उसंग यही कुरामा मेरो भनाभन भयो । रक्सी खाएको सुरमा उसले मलाई मनपरि भन्यो र एक्कासी मेरो छाती बेस्सरी समाते, मलाई भूईंमा पछारेर जर्बजस्ती गर्ने जस्तो गरी कपडा फुकाल्न थाल्यो । म बेस्सरी कराएँ, त्यसपछि उसले छोड्यो ।

मेरो छातीमा नीलो दाग बस्यो । सासै रोकिए झैं गाह्रो भयो, त्यसपछि मैले संस्थामा फोन गरे, र हामी प्रहरी चौकीमा गयौं । प्रहरी समक्ष सबै कुराहरू बताएँ । पहिले त त्यो प्रहरी यो थानामा छैन भनेर आलटाल गर्न खोजे । हामीले नमाने पछि उसलाई त्यहाँ बोलाएर सोधपुछ गरियो । उसलाई हाम्रै अगाडी उठबस गराई गाली गर्‍यो । "खाएको सुरमा ख्यालै नगरी त्यस्तो काम गर्ने हो' भन्दै हाम्रै अगाडी ईन्स्पेक्टर सरले उसलाई लात्तै लात्ताले पनि हान्नुभयो । उसले "अबदेखि गर्दिन' भनेर माफी माग्यो । त्यसपछि ईन्स्पेक्टर सरले हामीलाई अस्पतालमा चेकअप गराई बिल ल्याईदिनुस्, हामी तिर्छौं भन्नुभयो । तर हामीले उसलाई सजायँ पनि दिलाउनुस् भन्यौं । हामीले ओ.सि.एम.सि थापाथलीमा गई घाउचोटको प्रमाणीकरणको रिपोर्ट तयार गरी डाक्टरहरू र संस्थाको सल्लाह अनुसार भित्री कपडाहरू सिल गरेर प्रमाण जुटायौं ।"Attempt to rape" केसमा त्यो प्रमाण अस्पतालले नै राखियो ।

भोलीपल्ट प्रमाणसहित पून: प्रहरी चौकीमा जबर्जस्तीकरणीको जाहेरी दियौं । त्यो प्रहरीलाई थुनामै राखिएको रहेछ । ईन्स्पेक्टर सरले एकपटकलाई माफ गरिदिनुस्, हामी उसलाई आन्तरिक कारबाही गर्छौ र फेरि यस्तो गरेमा कडा सजाय दिन्छौं भन्नुभयो । त्यतिबेला यदि मैले सरको कुरा मानिँन र मेरो पेशावारे मेरो घरपरिवारले थाहा पाए भने म आफै दोहोरो पीडित हुन्छु भन्ने डरले मुद्धा फिर्ता लिए ।

# मैले किन यस्तो अपमान र बेइज्जती सहनु पर्ने?

मेरा दुई छोरीहरूको जिम्मेवारी म उठाउन यौन पेशा गरिरहेको छु । काम गर्ने क्रममा ग्राहकबाट मलाई एचआईभी रोग सऱ्यो । यो थाहा पाउनासाथ एचआइभीको नियमित औषधी खान सुरु गरेँ र अहिले मेरो शरिरमा एचआइभीको भाईरस देखिदैन ।

पुस महिनामा एउटा होटेलमा ग्राहकसँग बसेको थिएँ । राति अचानक प्रहरीले छापा मार्यो । त्यो अराजक परिस्थितिमा ग्राहकले हतारहतार मेरो सबै कपडासहित आफ्नो सामान लिएर भाग्यो । म डरले झ्यालबाट होटेलको छतमा गएँ र पानी ट्यांकीभित्र नाङ्गै रातभर डर, बेचैनी र अपमानका भावना झेलिरहेँ । सबैजना सुतेपछि म ट्यांकीबाट बाहिर निस्किएँ । त्यहाँबाट तन्नाले आफ्नो शरीर बेरेर डेरामा फर्किएँ । घर पुगेपछि पनि डर, लाज, र प्रहरीको त्रासले म सुत्नै सकिन । त्यो रातभर रूदैं, आफ्नो भविष्य र बच्चाहरूको बारेमा सोच्दै बसे । मेरो मनोबल कमजोर भएको छ, तर बच्चाहरूको भविष्यका लागि आफूलाई बलियो बनाउन खोजिरहेकी छु ।

त्यो राति मैले आफूलाई प्रश्न गरेँ, यो पेशाबाट अरूलाई खुशी दिलाएर मैले आफ्नो र बच्चाहरूको पालनपोषण गर्दै आएकी छु तर, किन मैले मात्र यस्तो बेइज्जती सहनुपर्ने ?

## मेरो स्वतन्त्र बाच्ने अधिकार खोई ?

मैले काम गरिरहेका बेला दुईजना प्रहरी सिभिल कपडामा आएर मोलमोलाई गर्न थाले । कम पैसामा मैले नमाने पछि उनीहरूले मेरो साथीहरूको मोबाइल खोसे । त्यहीबेला अचानक, ८/९ जना प्रहरी बाइकमा आएर हामीलाई पक्राउ गर्न खोजे । 'मैले के गल्ती गरेको छु ? तपाईँहरूसँग पक्राउ पुँजी छ ?' भनेर सोधे । उनीहरूले 'भोली १० बजे प्रहरी चौकीमा साथीहरु लिएर आउनु' भने । मैले म पनि आउँदिन र साथीहरूलाई पनि ल्याउँदिन भनेँ । मैले प्रहरीलाई नै, 'यी दुईजना सिभिलमा आएर बारम्बार कम पैसामा कुरा मिलाउन दबाब दिईरहन्छन भनेपछि सबैजना त्यहाँबाट गए ।

होटेलमा खाना खाँदै गर्दा दुईजनाले जिस्क्याएर छुन खोजे । गस्तीमा आएका प्रहरीले मलाई नै सोधपुछ गर्न थाल्यो । मैले ती केटाहरूले दुर्व्यवहार गरेको भने तर प्रहरीले मेरो कुरा नपत्याई मेरो मोबाईलमा ती केटाहरूको नाम नम्बर चेक गर्यो तर प्रमाण नपाएपछि ती केटाहरूलाई पक्राउ गर्यो । २०/२५ दिन थुनेर १०/१० हजार जरिवाना लिएर उनीहरु छुटेको थाहा पाएँ । प्रहरीबाट बर्षमा ३-४ पटक बिनाकारण पक्राउमा पर्दा आफूलाई मानसिक तनाव हुन्छ ।

होटलहरूको सम्पर्कमा काम गर्दा कयौ पटक कम दाममा काम गर्नु परेको छ । पैसा माग्दा साहु/साहुनीहरूले "प्रहरीलाई पैसा हप्ता पन्ध्रदिनमा तिर्नुपर्ने हुन्छ' भनेर कुरा टाल्ने गर्छन् । होटलहरूले प्रहरीलाई पैसा दिनुपर्छ भनेर कम पैसा दिने कुरा मेरा साथीहरूले पनि भन्छन् ।

# FAITH

(Friends Affected & Infected Together in Hand)

## फेथ (आस्था)

फेथका कार्यक्रमले समावेशी, निष्पक्ष र न्यायपूर्ण समाज निर्माण गर्ने लक्ष्य राख्छ, जहाँ समावेशी र मानव अधिकारका सिद्धान्तहरूलाई समर्थन गदै स्वास्थ्य-सम्बन्धित कानुन, नीतिहरू र अभ्यासहरू प्रमाणमा आधारित हुन्छन्। यसले सीमान्तकृत किशोरी र महिलाहरूको मानव अधिकार प्रवर्द्धन र उनीहरूका संस्थाहरूको सशक्तिकरणका साथै स्वास्थ्य नीति र अभ्यासमा जवाफदेहीता र पारदर्शिता बढाउनको लागि वकालत गर्दछ।

सन् २००५ मा स्थापित, फेथ लाभार्थीहरूको नेतृत्वमा संचालित राष्ट्रिय गैरसरकारी संस्था हो जसले विशेष रूपमा सीमान्तकृत किशोरी र महिलाहरूमा समर्पित भई समुदायमा आधारित नेटवर्कको रूपमा कार्य गर्दछ।



थप जानकारीको लागिः
https://www.faith.org.np/

faithinitiative

आस्था
FAITH